बैठक नं १९९

आज मिति २०८३/०२/३१ गते विहान ८:०० बजे यस तादी गाउँपालिकाको अध्यक्ष श्री सन्तमान तामाङ ज्यू को अध्यक्षतामा गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक बसि तपसिल बमोजिमको प्रस्ताव माथि छलफल गरी निर्णयहरु गरियो।

उपस्थिति

| क्र.स | नाम, थर | निर्वाचित पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री सन्तमान तामाङ | अध्यक्ष | |
| २. | श्री सन्जु प्याकुरेल श्रेष्ठ | उपाध्यक्ष | |
| ३. | श्री नकुर दोङ तामाङ | १ नं वडा अध्यक्ष | |
| ४. | श्री बच्चुराम तामाङ | २ नं वडा अध्यक्ष | |
| ५. | श्री सोनाम तामाङ | ३ नं वडा अध्यक्ष | |
| ६. | श्री अस्मिन कुमार पाण्डे | ४ नं वडा अध्यक्ष | |
| ७. | श्री सरोज भण्डारी | ५ नं वडा अध्यक्ष | |
| ८. | श्री सीरमान तामाङ | ६ नं वडा अध्यक्ष | |
| ९. | श्री छिरिङ शेर्पा | कार्यपालिका सदस्य | |
| १०. | श्री देवकी विश्वकर्मा | कार्यपालिका सदस्य | |
| ११. | श्री इन्जिला सिलवाल | कार्यपालिका सदस्य | |
| १२. | श्री सरिता तामाङ | कार्यपालिका सदस्य | |
| १३. | श्री शर्मिला उप्रेती खनाल | कार्यपालिका सदस्य | |
| १४. | श्री विसु सुनार | कार्यपालिका सदस्य | |
| १५. | श्री सुजन शुभ भ्लोन | सचिव | |
| अन्य उपस्थित कर्मचारी | | | |
| १६. | शर्मिला कुमारी तामाङ मोक्तान | अधिकृतस्तर छैठौ | |
| १७. | शर्मिला थापा | कम्प्युटर अपरेटर | |

## प्रस्तावहरु

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।

२. आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम विषयमा छलफल सम्बन्धमा ।

३. श्री अमरज्योति मा.वि.को बिलोमा गएको बाँकी रकम सम्बन्धमा ।

४. विविध

- सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन सम्बन्धमा ।
- शिक्षा शाखा प्रमुखको जिम्मेवारी तोक्ने सम्बन्धमा ।
- तादी गाउँपालिका सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन,२०८३
- छापथोक कार्तिकेचौर खेलमैदान सम्बन्धमा।

## निर्णयहरु

| निर्णय नं. | निर्णयहरु |
|---|---|
| १ | प्रस्ताव नं १ उपर छलफल गर्दा अघिल्लो कार्यपालिका बैठकबाट भएका निर्णयहरु सम्बन्धमा छलफल गरी समिक्षा गरियो । |
| २ | प्रस्ताव नं २ उपर छलफल गर्दा आ.व २०८३/०८४ को लागि गाउँपालिकाबाट तयार भएको नीति तथा कार्यक्रम, आगामी कार्यपालिकामा विस्तृत छलफल गरी स्वीकृतिको लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो । |
| ३ | प्रस्ताव नं ३ उपर छलफल गर्दा यस तादी गाउँपालिकाको केन्द्रबाट छनौट भएको नमुना विद्यालयको स्वीकृत गुरुयोजना अनुरुप भौतिक पूर्वाधार विकास तथा प्राविधिक धारका विद्यालयलाई ल्याव व्यवस्थापन अनुदान अर्न्तगत अमरज्योति नमुना मा.वि. तादी-३, लाई भौतिक निर्माणको लागि रु १ करोड विनियोजन भएको। सोही रकमको ई-विडिङ ठेक्कामार्फत कार्य गर्दा रु. ७६,४७,७१२।८४ को मात्र सम्झौता भई कार्य भईरहेको र नियमानुसार कन्टिन्जेन्सी कटाई बिलोमा गएको बाँकी रकम रु.१९५२२८७।१६ को अमरज्योति मा.वि.को च.नं. १४१, मिति २०८३/२/२८ को पत्रानुसार बाँकी भौतिक निर्माण कार्य सम्पन्न गर्न स्वीकृतिको लागि माग भएकोले उक्त बिलोको रकमबाट अन्य भौतिक निर्माण तथा मर्मत कार्य गर्न स्वीकृति दिने निर्णय गरियो । |
| ४ | प्रस्ताव नं. ४ उपर छलफल गर्दा तपसिल बमोजिम निर्णयहरु गरियो ।<br>क) यस तादी गाउँपालिकाले गर्न लागेको सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८३/०३/०७ गते आईतवारका दिन गर्ने निर्णय गरियो। उक्त कार्यक्रम सञ्चालन गर्न विभिन्न मितिमा तादी विकास समाज, तादी-५, नर्जामण्डप, विकास सञ्चार नेपाल, विदुर-४, नुवाकोट र कम्पास मिडिया प्रा. |

| | |
|---|---|
| | लि., काठमाडौं बाट प्रस्तावहरु प्राप्त भए बमोजिम सबै भन्दा कम प्रस्ताव रकम विकास सञ्चार नेपाल, विदुर-४, नुवाकोटको रहेकोले उक्त संस्थासँग सम्झौता गरी कार्यक्रम सम्पन्न गर्ने निर्णय गरियो । |
| | ख) तादी गाउँपालिका शिक्षा तथा खेलकुद शाखा प्रमुख सरुवा हुनुभएकोले अर्को व्यवस्था नभएसम्मको लागि शिक्षा शाखाको सम्पूर्ण कामकाज गर्ने गरि सहायक विद्यालय निरीक्षक अधिकृतस्तर छैठौं श्री टिकादेवी खरेललाई जिम्मेवारी दिने निर्णय गरियो । |
| | ग) तादी गाउँपालिकाले तयार गरेको **तादी गाउँपालिका सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन,२०८३** कार्यपालिका बैठकमा छलफलको लागि पेश गरियो । |
| | घ) तादी गाउँपालिका वडा नं. २ मा छापथोक कात्तिकेचौर खेलमैदान निर्माणको लागि च. नं. ३१८६, मिति २०८३/०२/१९ को पत्र मार्फत सब डिभिजन वन कार्यालय, खरानीटारलाई खेल मैदान निर्माण गर्न सहमतिको लागि लेखि पठाएकोमा वन कार्यालयको मौखिक सहमति प्राप्त भएको, मिति २०८२/१२/२७ गतेको रालुका सालघारी सामुदायिक वन उपभोक्ता समितिको निर्णय र मिति २०८३/०२/१८ गते उक्त सामुदायिक वन उपभोक्ता समितिबाट सहमती दिएको भनी सिफारिस भई आएको हुँदा सोही बमोजिम निर्माण कार्य सम्झौता गरि अगाडी बढाउने निर्णय गरियो । |